# आर्थिक वर्ष २०७४/७५ को

## बजेट वक्तव्य

रघुगंगा गाउँ कार्यपालिकाको कार्यालय

म्यागदी, नेपाल

रघुगंगा गाउँ सभाको बैठकमा २०७४ साल असार ३१ गते

बजेट तथा कार्यक्रम तर्जुमा समितिका संयोजक तथा गाउँ कार्यपालिकाका उपाध्यक्ष

श्री कमला तिलिजाले गाउँ सभामा प्रस्तुत गर्नुभएको

# आर्थिक वर्ष २०७४/७५ को

# बजेट वक्तव्य

## रघुगंगा गाउँ कार्यपालिका

## म्याग्दी, नेपाल

**गाउँ सभाका आदरणीय अध्यक्ष महोदय,**

१ लोकतन्त्रको सार स्वशासनलाई मूर्तरुप दिन नेपाली जनताको हातबाट निर्मित नेपालको संविधान, २०७२ ले राज्य प्रणालीलाई संघीय ढाँचामा रुपान्तरण गरेको छ ।जनताले चाहना गरेको तथा संविधानले आत्मसात गरेको संघीय शासन प्रणाली अनुरुप हामी स्थानीय तहको कार्यान्वयनको प्रारम्भिक चरणमा प्रवेश गरेका छौ ।हाम्रो वर्तमान जटिल एवं चुनौतिपूर्ण भएता पनि भविष्य अत्यन्त उज्वल र सम्भावनायुक्त छ।यस सम्माननीय सभामा गाउपालिकाको पहिलो बजेट सार्वजनिक गर्न पाउँदा म अत्यन्त हर्षित छु ।

२ वैशाख ३१ स्थानीय तहको चुनाव सम्पन्न भई गाउँ सभा र गाउँ कार्यपालिकाले पूर्णता पाईसकेको अवस्था छ । विगत १५ वर्षदेखि जनप्रतिनिधि विहिन रहेका स्थानीय निकायहरुले जननिर्वाचित पदाधिकारीहरु प्राप्त गरेका छन् ।हामी प्रति जनताले धेरै आशा र भरोसा राखेका छन् ।सिंहदरवार गाउँमै आएको अनुभूति जनतालाई दिनुपर्ने अवसर, दायित्व र चुनौती हामी माँझ आएको छ ।

३ रघुगंगा गाउँपालिकालाई समृद्ध, आत्मनिर्भर र प्रगतिशिल बनाउने एक मात्र उद्देश्य प्रति हामी केन्द्रित भएका छौं ।यस गाउँपालिका क्षेत्रभित्र रहेका समाजका सबै वर्ग र क्षेत्रको रचनात्मक सुझावहरु ग्रहण गरी तयार गरिएको गाउँपालिकाको नीति तथा कार्यक्रम सार्वजनिक भईसकेको छ । रघुगंगा गाउँपालिकालाई आगामी एक दशकभित्र सभ्य, सुसँस्कृत, सम्बृद्ध र नमूना गाउँको रुपमा विकास गर्ने दीर्घकालीन सोचसहित यो बजेट तयार गरिएको छ ।

<u>आदरणिय अध्यक्षज्यू</u>

५ चालु आर्थिक बर्षको संशोधित अनुमानमा रही अब म आर्थिक बर्ष २०७३।७४ को समीक्षा प्रस्तुत गर्दछु ।

६ नेपालको संबिधान, २०७२ अनुरुप संघीयता कार्यान्वयनको क्रममा निर्वाचन सम्पन्न भई गाउँ सभा, गाउँ कार्यपालिका गठनका साथै आवश्यक कानुनहरु निर्माण भएका छन् ।

७ उपलब्ध कानुन तथा कार्यविधिहरु तर्जुमा भई सो अनुसारका समितिहरु समेत गठन भएका छन् ।

८ आ.व. २०७३/७४ का लागि नेपाल सरकारले अनुदानको रुपमा उपलब्ध गराएको १,००,००,०००। ( १ करोड ) प्राप्त भएको थियो ।

९ चालु आ.व. मा चालुतर्फ रु१० लाख ४७ हजार र पूजीँगततर्फ रु ३२लाख खर्च हुने अनुमान रहेको छ ।

**आदरणिय अध्यक्षज्यू,**

अब म आ. व. २०७४।७५ को बजेट तर्जुमा विधि, प्राथमिकता र आधारहरु प्रस्तुत गर्न चाहन्छु ।

यो बजेट तयार पार्दा नेपाल सरकारद्वारा जारी स्थानीय तहको बजेट तर्जुमा दिग्दर्शन २०७४ लाई आधार लिइएको छ ।

१. बजेट तर्जुमा बिधि

- राजस्व परामर्श समितिबाट राजस्वको स्रोत, दायरा र दर समेतको विश्लेषण गरी राजस्वको अनुमान र दर सिफारिस
- स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिबाट आन्तरिक र अन्य स्रोतको अनुमान गरी वडागत र विषय क्षेत्रगत सीमा र मार्गनिर्देशन तयार
- बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट नीति तथा कार्यक्रम तथा वडागत र विषयगत कार्यक्रमको विश्लेषण गरी कार्यपालिकामा योजनागत सूची प्रस्तुत
- कार्यपालिकाबाट नीति तथा कार्यक्रम र बजेट तथा कार्यक्रम स्वीकृत गरी सभामा पेश ।

बजेट तर्जुमाका आधार

- नेपालको संविधानको अनुसूची ८ र ९ मा उल्लिखित स्थानीय तहको एकल तथा साझा अधिकारको सूची,
- नेपालको संविधानमा उल्लिखत मौलक हकहरु,
- नेपालको संविधान भाग ४ अन्तर्गतका राज्यका आर्थिक, सामाजिक विकास, प्राकृतिक स्रोतको उपयोग, वातावरण संरक्षण सम्बन्धी नीतिहरु,
- धारा ५९ को आर्थिक अधिकार,
- भाग १९ को आर्थिक कार्यप्रणाली,
- नेपाल सरकारवाट स्वीकृत संघ, प्रदेश र स्थानीय तहको कार्यविस्तृतीकरणको प्रतिवेदन,
- संघीय सरकारले अंगिकार गरेको आवधिक योजनाले लिएको नीति तथा प्राथमिकताहरु,
- संघीय सरकारले अवलवन गरेका आर्थिक तथा वित्तीय नीतिहरु,

- स्थानीय तहको आवधिक योजनाले तय गरेका प्राथमिकताहरु,
- नेपालले अन्तराष्ट्रिय जगतमा जनाएका प्रतिवद्धताहरु,
- विकासका समसामयिक विषयहरु जस्तै सामाजिक संरक्षण, दिगो विकास, जलवायु परिवर्तन र विपद व्यवस्थापन, खाद्य तथा पोषण सुरक्षा, लगायतका सशक्तीकरण तथा समावेशी विकास, वाल मैत्री स्थानीय शासन, वातावरण मैत्री स्थानीय शासन, खुला दिसामुक्त तथा पुर्ण सरसफाई, उर्जा संकट लगायतका अन्तर सम्बन्धित विषयहरु,
- आवश्यक देखेका अन्य विषयहरु ।

<u>आयोजना प्राथमिकीकरणका आधारहरु</u>

- आर्थिक विकास र गरिवी निवारणमा योगदान पुऱ्याउने,
- उत्पादनमूलक र छिटो प्रतिफल दिने
- राजस्व परिचालनमा योगदान पुऱ्याउने,
- सेवा प्रवाह, संस्थागत विकास र सुशासनमा योगदान पुऱ्याउने,
- स्थानीय स्रोत साधनमा आधारित भई जनसहभागिताको अभिवृद्धि गर्ने,
- लैंगिक समानता, सामाजिक समावेशीकरणको अभिबृद्धि हुने,
- दिगो विकास, वातावरण संरक्षण र विपद व्यवस्थापनमा योगदान पुऱ्याउने, समुदायलाई विपद तथा जलवायु परिवर्तन उत्थानशील (Resilience) बनाउने,
- स्थान विशेषको संस्कृति र पहिचान प्रबर्धन गर्ने,
- आवश्यक देखिएका अन्य विषयहरु ।

११ आर्थिक वर्ष २०७४।७५ मा आन्तरिक राजश्व २० लाख, नेपाल सरकारबाट समानीकरण र सशर्त अनुदान गरी प्राप्त जम्मा २४ करोड ७५ लाख ५२ हजार, जनसहभागिता तर्फ ७०लाख र गत वर्षको मौज्दात ४८ लाख गरी जम्मा २६ करोड १३ लाख ५२ हजार आय स्रोत पहिचान गरिएको छ ।

१२ आर्थिक वर्ष २०७४।७५ का लागि १० करोड ७७लाख ७२ हजार कार्यक्रम खर्च, ३ करोड ७० लाख ७४ हजार चालु खर्च , ७० लाख पुँजीगत तर्फ र ९ करोड ६७ लाख २१ हजार सशर्त अनुदानका रुपमा आएको रकम तोकिएको शीर्षकहरुमा नै खर्च हुने

अनुमान गरी २४ करोड ८५ लाख ६७ हजार कुल बजेटको अंक निर्धारण गरिएको छ । बाँकि रहेको १ करोड २७ लाख ८५ हजार रकम पछि आवश्यकता अनुरुप सभाबाट अनुमोदन गरी खर्च गर्न सकिने प्रस्ताव गरेको छु ।

१३ आन्तरिक स्रोततर्फ १० लाखको खर्च प्रस्ताव गरिएको छ ।

१४ विकासमा जनसहभागिता सुनिश्चितता गरी विकास निर्माणमा जनताको अपनत्व विकास गर्न गाउँपालिकालेले सञ्चालन गर्ने प्रबर्धनात्मक कार्यक्रम बाहेक अन्य पुजीँ निर्माणका कार्यक्रममा १०% का दरले करिब उपभोक्ता समितिको नगद एवं श्रम तथा वस्तुगत सहभागिता ७० लाख हुने अनुमान गरिएको छ ।

१५ म्याचिंग फण्ड आवश्यक पर्ने आयोजना सञ्चालन, विपद व्यवस्थापन, कर्मचारी कल्याण कोष लगायतका कोषहरु तथा भैपरि आउने कार्यको लागि ४० लाख बराबरको समपुरक कोषको व्यवस्था गरेको छु ।

१६ आगामी आर्थिक वर्षका लागि निम्नानुसारका क्षेत्रहरुमा निम्नानुसारको बजेट प्रस्ताब गरिएको छ । रु हजारमा

| आर्थिक विकास | २१८०० |
|---|---:|
| सामाजिक विकास | १३४७२ |
| पूर्वाधार विकास | ५८८५० |
| वातावरण तथा विपद व्यवस्थापन | २५०० |
| सार्वजनिक सेवा | ८६५० |

सशर्त अनुदानकोरुपमा प्राप्त रकम नेपाल सरकारले तोके बमोजिम सोही शिर्षकमा नै खर्च गरिने छ ।

**<u>आदरणीय अध्यक्ष महोदय,</u>**

अब म आ.व. २०७४/७५ का लागि प्रस्ताव गरिएका प्रमुख नीति, योजना तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

१७ आन्तरिक श्रोत अभिबृद्धि गर्न राजस्व शाखाको सुधार, मालपोत लगत संकलन, गाउँ प्रोफाईल तयार गर्ने, व्यवसाय, घरभाडा र सवारी साधनको लगत संकलन जस्ता कार्यक्रम प्रस्ताव गरेको छु ।

१८ सुशासन, विद्युतीय शासन र विधिको शासन स्थापना गर्न सार्वजनिक सुनुवाई तथा सार्वजनिक परीक्षण, सेवा प्रवाहमा प्रविधिको प्रयोग, गाउँ नीति तथा कानुन तर्जुमा, नागरिक बडापत्र, संस्थागत पूर्वाधार निर्माण जस्ता कार्यक्रम प्रस्ताव गरेको छु ।

१९ वित्तीय सेवामा आम नागरिकको पहुँच बढाउन सहकारी शिक्षा सञ्चालन गर्ने कार्यक्रम प्रस्ताव गरेको छु ।

२० गुणस्तरीय शिक्षाका लागि शैक्षिक संस्थाको अनुगमन गर्ने, गाउँ शिक्षा समिति गठन गर्ने तथा विद्यार्थीहरुमा ICT को ज्ञान अभिबृद्धि गर्न प्रत्येक वडाको एक माध्यमिक बिद्यालयमा कम्प्युटर ल्याब निर्माण गर्ने प्रस्ताव गरेको छु ।यसका लागि रु ४० लाख विनियोजन गरेको छु ।

२१ बेरोजगारीलाई कम गर्दै रोजगारी प्रवर्धन गर्न विभिन्न सीपमूलक तालीमहरु सञ्चालन गर्ने उद्देश्यले गाउँपालिका क्षेत्रभित्र २ वटा ट्रेनिङ सेन्टर निर्माण गरिनेछ । यसका लागि रु ३५ लाख बिनियोजन गरेको छु ।

२२ प्रभावकारी सेवा प्रवाह मार्फत जनआकांक्षा पूरा गर्न राजनितिक नेतृत्व र कर्मचारीहरुको क्षमता विकासका लागि पर्याप्त तालीम, गोष्ठी, सेमिनार तथा अन्तरक्रिया कार्यक्रमहरु सञ्चालन गर्ने प्रस्ताव गरेको छु ।

२३ रघगंगा गाउँपालिका विपदका दृष्टिकोणले अत्यन्त संवेदनशील रहेकाले विपद व्यवस्थापन कार्यलाई प्रभावकारी रुपले सञ्चालन गर्ने प्रस्ताव गरेको छु । यसका लागि एक विपद व्यवस्थापन कोषको व्यवस्था गरेको छु । यसमा २० लाख रहने व्यवस्था मिलाएको छु ।

२४ गाउँपालिकालाई राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा चिनाउन तथा प्रचार प्रसार गर्न आवश्यक गाउँपालिकाको पार्श्वचित्र (Village Profile) निर्माण गर्ने व्यवस्था गरेको छु । यसका लागि रु ५ लाख बिनियोजन गरेको छु ।

२५ गाउँपालिकाका साथै सम्पूर्ण वडा कार्यालयहरुलाई प्रविधि मैत्री बनाउने प्रस्ताव गरेको छु ।

२६ पञ्जीकरण प्रणालीलाई ICT मा आधारित बनाई व्यवस्थित बनाउने प्रस्ताव गरेको छु ।

२७ गाउँपालिकाको आन्तरिक स्रोत बढाउन पर्यटन प्रबर्द्धन का बिभिन्न कार्यक्रमहरु प्रस्ताव गरेको छु। रुइसे भेडीओढारमा भ्यु टावर निर्माण गर्ने प्रस्ताव गरेको छु ।यसका लागि रु १५ लाख विनियोजन गरेको छु ।

२८ महिला, आदिवासी जनजाती, दलित, अपाङ्ग तथा विपन्न वर्गको सशक्तिकरण र समावेशीकरणका लागि विभिन्न कार्यक्रमहरु सञ्चालन गर्न लक्षित वर्ग उत्थान कार्यक्रम प्रस्ताव गरेको छु । यसका लागि रु ४० लाख विनियोजन गरेको छु ।

२९ रघुगंगा गाउँपालिकाको भूगोल अत्यन्त छरिएको र बिचमा नदीले समेत २ भेगमा छुट्टाएको कारण पाखापानी, झिं तथा दग्नाम, राखु क्षेत्र २ भेगका रुपमा एक आपसमा अत्यन्त अपायक रहेका छन् । यी दुई भेगलाई जोड्न दग्नामको साङबोट देखि झिंको ढाडखर्क जोड्ने पुल निर्माण

गर्न यस आ.व. मा नै सम्भाव्यता अध्ययन गरिने प्रस्ताव गरेको छु । यसका लागि रु १० लाख विनियोजन गरेको छु ।

३० यस गाउँपालिकाबाट सम्पादन गरिने कार्यक्रमहरुलाई लागत प्रभावी र गुणस्तरीय बनाउन पूजींगत कार्यक्रममा अनिवार्य रुपमा १०% जनसहभागिता सुनिश्चित गर्ने प्रस्ताव गरेको छु ।

३१ गाउँपालिका क्षेत्रभित्र खेलकूदको विकासका लागि खेल मैदान निर्माण तथा खेल सामाग्री वितरण कार्यक्रम प्रस्ताव गरेको छु ।

३२ कृषि क्षेत्रको आधुनिकीकरण, व्यावसायिकीकरण र वैज्ञानिकीकरण गरी कृषि उत्पादनलाई बढाउदै गाउपालिकालाई खाद्दान्नमा आत्मनिर्भर बनाईनेछ। यसका लागि विभिन्न तालीम तथा कार्यक्रमहरु प्रस्ताव गरेको छु । प्रत्येक वडामा एक गाउँ एक उत्पादन कार्यक्रम प्रस्ताव गरेको छु। यसका लागि रु ४० लाख विनियोजन गरेको छु ।

३३ बिघुत सेवामा सबैको पहुँच सुनिश्चित बनाउने कार्यक्रम प्रस्ताव गरेको छु ।केन्द्रीय प्रसारण लाईन बाट बिजुली दिन शाखा लाईन विस्तार गर्ने कार्य प्रस्ताव गरेको छु ।

३४ ज्येष्ठ नागरिक सम्मान कार्यक्रम प्रस्ताव गरेको छु ।यसका लागि रु १ लाख विनियोजन गरेको छु ।

३५ सडक र अन्य पूर्वाधारहरुको विकास बिना आर्थिक सामाजिक रुपान्तरण हुन नसक्ने यथार्थतालाई मध्यनजर गरी सडक विस्तार कार्यलाई प्राथमिकता दिएको छु । सडक विस्तार तथा मर्मत कार्यमा प्रत्यक्ष लाभ पुर्‍याउने हेभी मेशिनरी औजार खरीद गर्ने प्रस्ताव गरेको छु ।यसका लागी रु १ करोड २० लाख विनियोजन गरेको छु ।

३६ स्वच्छ खानेपानीमा सबै जनताको पहुँचलाई सुनिश्चित गर्न खानेपानीका बिभिन्न कार्यकर्महरु प्रस्ताव गरेको छु ।

३७ धवलागिरि हिमालको फेदी सम्म पुग्ने पदमार्गको पहिचान गर्ने कार्यक्रम प्रस्ताव गरेको छु ।

३८ निर्वाचित पदाधिकारी लगायत कर्मचारीहरुको क्षमता अभिबृद्धिका लागि बिभिन्न तालिम तथा अबलोकन भ्रमण कार्यक्रम प्रस्ताव गरेको छु ।गाउँ कार्यपालिकाका सदस्यहरु तथा गाउँसभाका सदस्यहरुको अवलोकन भ्रमणका लागि रु १३ लाख प्रस्ताव गरेको छु ।

**आदरणिय सभाध्यक्ष महोदय,**

३९ उल्लेखित बमोजिमका योजना तथा कार्यक्रम, आम्दानी तथा खर्चको बिबरण यसैसाथ संलग्न गरेको छु ।

४० अन्त्यमा, बजेट तथा कार्यक्रम निर्माणको क्रममा आफ्ना अमूल्य सल्लाह सुझाबहरु दिई सहयोग गर्नुहुने बिभिन्न क्षेत्रका बुद्धिजिवीहरु, विभिन्न विषयगत समितिका सदस्यहरु, विभिन्न विषयगत कार्यालयका कर्मचारीहरु र विशेषतः रघुगंगा गाउँपालिकाका कार्यकारी अधिकृत, लेखापाल लगायत सम्पूर्ण वडा कार्यालयका कर्मचारीहरुमा आभार ब्यक्त गर्दछु ।

धन्यवाद,
जय रघुगंगा ।